# मेरो शेयर मार्फत अल्पकालीन तथा दीर्घकालीन समयावधि सम्म स्वामित्वमा रहेको धितोपत्र छुट्टाउने प्रक्रिया

लगानीकर्ताले धितोपत्रको विक्री कारोबार गर्दा पुँजीगत लाभकर गणना गर्नका लागि आफ्नो स्वामित्वमा रहेको धितोपत्रलाई स्वामित्व प्राप्त भएको मितिको आधारमा अल्पकालीन तथा दीर्घकालीन अवधिमा विभाजन गरि सो अनुसारको आवश्यक विवरण मेरो शेयर प्रणाली मार्फत आफ्नो राफसाफ सदस्यलाई प्रदान गर्नका लागि निम्न अनुसारको प्रक्रिया अवलम्बन गर्नु पर्छ।

क. धितोपत्रको विक्री कारोबार गर्ने लगानीकर्ताले विक्री कारोबार गरेको दिन पछिको एक कार्य दिन (T+1) भित्र मेरो शेयरमा रहेको My EDIS अप्सनमा क्लिक गर्नुहोस् र उक्त पोर्टल भित्र रहेको Transfer Shares ट्याबमा क्लिक गर्नुहोस्।




ख. उक्त स्क्रिनमा तपाइले विक्री गरेका धितोपत्रहरुको लागतको भारित औसत गणना गर्न बाँकी छ भने उक्त धितोपत्रहरूको लागतको भारित औसत गणना गर्न बाँकी रहेको विवरण देखु हुनेछ।

ग. आफ्नो स्वामित्वमा रहेका धितोपत्रको लागतको भारित औसत गणना गर्नका लागि My Purchase Source अप्सनमा क्लिक गर्नुहोस्।

घ. My Purchase Source पोर्टलमा रहेको Purchase Source ट्याबमा आफ्नो धितोपत्र छनौट गरि Search बटनमा क्लिक गर्नुहोस्।



ङ. प्रणालीमा उपलब्ध विवरणहरूलाई रुजू गरि प्रत्येक कारोबारको चेक बक्स मा क्लिक गर्नुहोस् र Proceed बटन क्लिक गर्नुहोस्।




च. यदि प्रणालीले प्रदान गरेको विवरणमा उल्लेख गरिएको खरिद मूल्यमा तपाइको असहमति रहेको छ र सो को वास्तविक खरिद मूल्यको प्रमाण तपाइसँग उपलब्ध रहेको छ भने Purchase Price लेखिएको स्थानमा आफ्नो वास्तविक खरिद मूल्य प्रविष्टि गरि Remarks मा आफ्नो वास्तविक खरिद मूल्य सँग सम्बन्धित प्रमाणको विवरण प्रविष्टि गर्नुहोस् र Proceed बटन क्लिक गर्नुहोस् र आफूले घोषणा गरेको विवरण सहि रहेको र सो विवरण गलत ठहरेमा सो उपर आकर्षित हुने कानुनी कारबाही भोग्न राजी रहेको व्यहोरा जनाउने चेक बक्समा क्लिक गर्नुहोस् र Update बटन क्लिक गर्नुहोस् र आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागतको भारित औसत गणना गर्नुहोस्।




छ. यदि तपाइले आफ्नो धितोपत्रको लागतको भारित औसत गणना गरी सक्नु भएको छ तर उक्त धितोपत्रहरू स्वामित्व प्राप्त भएको मितिको आधारमा स्वामित्व अवधि विभाजन गर्न बाँकी भएमा सो अवधि विभाजन गर्न बाँकी रहेको विवरण देख्न सक्नुहुन्छ।




ज. आफ्नो स्वामित्वमा रहेको धितोपत्रको स्वामित्व अवधि गणना गर्नका लागि My Purchase Source अप्सनमा क्लिक गर्नुहोस् र उक्त पोर्टलमा रहेको My Holdings ट्यावमा क्लिक गर्नुहोस्।




झ. उक्त ट्याबमा उपलब्ध आफूले विक्री गरेको धितोपत्र मध्ये प्रत्येक धितोपत्र छनौट गरि Search बटनमा क्लिक गर्नुहोस्।




ञ. यस पश्चात् प्रणालीले तपाइको स्वामित्वमा रहेको धितोपत्रको संख्या बराबरको पछिल्ला कारोबारहरूको विवरण र उक्त धितोपत्र तपाइको स्वामित्वमा प्राप्त भएको मितिको आधारमा ३६५ दिन भन्दा पुराना कारोबारलाई दीर्घकालीन (Long Term ) स्वामित्व मानेर “LT” तथा ३६५ दिन वा सो भन्दा नयाँ कारोबारलाई अल्पकालीन (Short Term) स्वामित्व मानेर “ST” Flag प्रदान गर्दछ। प्रणालीमा उपलब्ध सम्पूर्ण कारोबारहरूलाई छनौट गरि Proceed बटनमा क्लिक गर्नुहोस्।




ट. यदि प्रणालीले प्रदान गरेको विवरण अनुसारको स्वामित्व अवधिमा तपाइको असहमति रहेको छ र सो को स्वामित्व ग्रहण गरेको वास्तविक समयावधिको प्रमाण तपाइसँग उपलब्ध रहेको छ भने User Defined Holding Days मा आफ्नो स्वामित्व अवधि उल्लेख गरि Remarks मा आफूले स्वामित्व ग्रहण गरेको वास्तविक समयावधिको प्रमाण उल्लेख गर्नुहोस् र Proceed बटनमा क्लिक गर्नुहोस्।




ठ. यदि तपाइको स्वामित्वमा रहेको धितोपत्र गाभ्ने-गाभिने गतिविधि (Merger & Acquisition) मा गएको कारणले कर छुट हुने समयावधिमा रहेको भएमा User Defined Merger Flag लेखिएको चेक बक्स छनौट गर्नुहोस् र Remarks मा सो को विवरण खुलाई Proceed बटनमा क्लिक गर्नुहोस्।




ड. आफूले घोषणा गरेको विवरण सहि रहेको र सो विवरण गलत ठहरेमा सो उपर आकर्षित हुने कानुनी कारबाही भोग्न राजी रहेको व्यहोरा जनाउने चेक बक्समा क्लिक गर्नुहोस् र Update बटन क्लिक गरी आफ्नो स्वामित्वमा रहेको धितोपत्रको स्वामित्व अवधि विभाजन गर्नुहोस्।

ढ. यसरी तपाइको स्वामित्वमा रहेको कुल धितोपत्रलाई मेरो शेयर प्रणालीमा अल्पकालीन समयावधिसम्म स्वामित्वमा रहेको र दीर्घकालीन समयावधि सम्म स्वामित्वमा रहेको धितोपत्रमा विभाजन गरिन्छ। यदि तपाईले उक्त समयावधि गणना गर्ने क्रममा गाभ्ने-गाभिने गतिविधि रहेकाले कर छुट प्राप्त गरेको धितोपत्रको विवरण समेत उल्लेख गर्नुभएको छ भने अल्पकालीन तथा दीर्घकालीन समयावधि स्वामित्वमा रहेको विभाजन गरिएको धितोपत्रको कुल संख्या मध्ये कर छुट हुने धितोपत्रको संख्या समेत उल्लेख गरिन्छ।




ण. आफ्नो स्वामित्वमा रहेको धितोपत्रको स्वामित्व अवधि विभाजन गरिसके पछि पुनः My EDIS अप्सनमा क्लिक गर्नुहोस् र Transfer Shares ट्याबमा क्लिक गर्नुहोस्।




त. प्रणालीमा उपलब्ध Settlement ID सँगै रहेको View Details मा क्लिक गर्नुहोस् र आफ्नो विक्री कारोवारलाई छनौट गरि Proceed गर्नुहोस्।




थ. तपाइको स्वामित्वमा रहेको धितोपत्रको कुल संख्या मध्ये गाभ्ने-गाभिने गतिविधि समावेश भएका कारण कर छुट हुने संख्या, दीर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्या र अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्यालाई क्रमशः प्राथमिकतामा राखी तपाइले विक्री गरेको धितोपत्रलाई कर छुट हुने, दीर्घकालीन र अल्पकालीन रूपमा स्वामित्वमा रहेको संख्यामा बाँडफाँट गरिन्छ।



द. प्रणाली बाट प्राप्त विवरण हेरी आफूले बिक्री गरेको कारोबारको राफसाफ तथा फछ्र्यौटका लागि आफ्नो हितग्राही खाता बाट उल्लेख गरिए अनुसारको धितोपत्र सम्बन्धित राफसाफ सदस्यलाई हस्तान्तरण गर्नका लागि मन्जुर रहेको र उल्लिखित कारोबारहरू आफ्नै आदेश मार्फत भएको व्यहोरा जनाउने चेक बक्समा क्लिक गरि Confirm बटन मा क्लिक गर्नुहोस्।

ध. माथि उल्लिखित विधि अनुसार प्रविष्टि गरेको विवरण तपाइको राफसाफ सदस्यलाई प्राप्त हुन्छ।

न. सोही विवरणको आधारमा तपाइको राफसाफ सदस्यले तपाइको कारोबारमा लाग्ने पुँजीगत लाभकर गणनाका लागि राफसाफ तथा फछ्र्यौट प्रणालीमा तपाइले कारोवार गरेको धितोपत्र मध्ये गाभ्ने-गाभिने गतिविधि कारण कर छुट हुने धितोपत्रको संख्या तथा दीर्घकालीन र अल्पकालीन समयावधि सम्म स्वामित्वमा रहेको धितोपत्रको संख्या उल्लेख गरि दिनेछन्।

ऩ. कारोवारको राफसाफ तथा फछ्र्यौटका क्रममा आयकर ऐनमा व्यवस्था भए बमोजिम दीर्घकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्याको हकमा ५ प्रतिशत र अल्पकालीन रूपमा स्वामित्वमा रहेको धितोपत्रको संख्याको हकमा ७.५ प्रतिशत कर गणना गरिन्छ भने गाभ्ने-गाभिने गतिविधिका कारण कर छुट हुने धितोपत्रको संख्याको हकमा कर नलाग्ने व्यवस्था गरिन्छ।

**नियमानुसार कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य रहेकोले कर गणनाको प्रयोजनार्थ व्यवस्था गरिएको माथि उल्लिखित विधि अनुसार यथार्थ विवरण पेश गर्नुहुन सम्पूर्ण लगानीकर्ताहरूलाई अनुरोध गर्दै उल्लिखित विधि अनुसरण गरि e-DIS प्रविष्टि गर्ने क्रममा कुनै द्विविधा रहेमा आफ्नो राफसाफ सदस्यलाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**